नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर डा. खतिवडाद्वारा सानिमा बैंक लिमिटेडको समुद्घाटन

गभर्नर डा. युवराज खतिवडाले “ख” वर्गको विकास बैंकबाट “क” वर्गको वाणिज्य बैंकको रुपमा स्तरोन्नति भएको सानिमा बैंक लिमिटेडको आज काठमाडौंमा एक समारोहका बीच समुद्घाटन गर्नु भयो । सो अवसरमा प्रमुख अतिथिको रुपमा शुभ कामना मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले देशको बत्तीसौं वाणिज्य बैंकको रुपमा रहेको सानिमा बैंक लिमिटेडले राम्रो बैंकको रुपमा उदाहरणीय काम गरेर अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्नु भयो । गभर्नर डा. खतिवडाले लगानी वर्षसंगै नेपालमा आन्तरिक तथा बाह्य लगानी भित्र्याउन सानिमा बैंक पनि सक्रिय हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो । रु.२ अर्ब पूजी भएर मात्र कुनै पनि बैंक सफल र सक्षम हुन नसक्ने भन्दै गभर्नर डा. खतिवडाले बैंक भित्र संस्थागत सुशासन कायम हुनु जरुरी हुने धारणा राख्नु भयो । सानिमा विकास बैंकले पूँजी, संस्थागत सुशासन, सामाजिक उत्तरदायित्व लगायतका विषयमा परीक्षा उत्तीर्ण गरेर सानिमा बैंक लिमिटेडको रुपमा certificate प्राप्त गरेकोले प्राप्त certificate लाई ईज्जतसाथ जोगाएर राख्न पनि गभर्नर डा. खतिवडाले सानिमा बैंक लिमिटेडलाई सुझाव दिनु भयो । मुलुक अहिले आर्थिक संक्रमणमा रहेको तथ्य उल्लेख गर्दै गभर्नर डा. खतिवडाले अहिले देश विकासको लागि दीर्घकालिन पूँजीको आवश्यकता रहेकोले दीर्घकालिन पूँजी लगानी गर्न बैंकहरुले पूँजीको आधारलाई बलियो बनाउनु पर्ने धारणा राख्नु भयो । साथै, उहांले पूँजी पर्याप्तताका लागि बैंकहरुले कन्जुस्याईं नगरी भोली खाने कुरा आजै खाऔं भन्ने प्रबृतिलाई त्याग्नु पर्ने विचार पनि राख्नु भयो । गभर्नर डा. खतिवडाले देशको निर्यातले करीब १७ प्रतिशत आयातलाई मात्र धान्न सक्ने स्थिति रहेको तथ्य औंल्याउंदै यस्तो समस्या समाधानको लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु पर्ने विचार पनि व्यक्त गर्नु भयो । वास्तविक क्षेत्रको विकास विना वित्तीय क्षेत्र एक्लैले केही गर्न नसक्ने तथ्य उल्लेख गर्दै गभर्नर डा. खतिवडाले पूर्वाधार, कृषि, उद्योग, निर्यात प्रवर्धन, उर्जा जस्ता उत्पादनमूलक क्षेत्रमा लगानी नहुने हो भने पूँजी एक्लैले केही हुदैन भन्नु भयो । बैंकहरुले Economic Banking का साथै Social Banking मा पनि नाफा कम नहुने गरी जान सक्नु पर्ने धारणा पनि सो अवसरमा राख्नु भयो । ग्रामीण क्षेत्रमा कृषि तथा पशुपालनको व्यवसायिकरण भैरहेकोले bear गर्न सकिने जोखिम मोलेर पनि ग्रामीण क्षेत्रमा बैंकिङ्ग क्षेत्रले लगानी गर्नु पर्ने विचार राख्नु भयो । गभर्नर डा. खतिवडाले सानिमा बैंक लिमिटेडको नव निर्मित **“अलकापुरी”** भवनको पनि उद्घाटन गर्नु भयो । सो कार्यक्रममा डेपुटी गभर्नर द्वय गोपालप्रसाद काफ्ले र महा प्रसाद अधिकारीको पनि उपस्थिति रहेको थियो ।




सो कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सो बैंकका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले यो बैंक खुलेको दिन देखिको बाणिज्य बैंक बन्ने आफ्नो एउटा मिशन पूरा भएकोले सानिमा बैंक परिवार यो खुशी सबैलाई बांड्न चाहन्छ भन्नु भयो । साथै, उहांले सानिमा बैंक बाणिज्य बैंक बन्न सफल हुनुमा यसभित्र रहेको

संस्थागत सुशासनको सबै भन्दा बढी योगदान रहेको धारणा राख्नु भयो ।

कार्यक्रममा डेभलपमेन्ट बैंक एसोसियसनका अध्यक्ष मनोज गोयल, वरिष्ठ कलाकार द्वय हरिवंश आचार्य र मदन कृष्ण श्रेष्ठ, गैर आवासीय नेपाली संघका संस्थापक अध्यक्ष  उपेन्द्र महतोले पनि शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्तमा सानिमा बैंक लिमिटेडका अध्यक्ष जिवा लामिछानेले गैर आवासीय नेपालीको मेहनत र लगानीमा सानिमा विकास बैंक स्थापना भएको बताउनु हुदै सानिमाको संस्थागत सुशासनको पक्ष बलियो रहेको धारणा राख्नु भयो । साथै, उहांले सरल र ग्राहकमुखी बैंकिङ्ग सेवामार्फत बैंकले आफ्ना ग्राहकहरुलाई लाभ पुऱ्याईरहेको विचार पनि व्यक्त गर्नु भयो । अध्यक्ष लामिछानेले बैंकले सामाजिक उत्तरदायित्व वहन गर्ने खालका कार्यक्रम लागु गर्नुका साथै जलविद्युत र कृषिमा लगानी बढाउने विचार पनि व्यक्त गर्नु भयो । कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, सानिमा बैंक लिमिटेडका संस्थापक, शेयरहोल्डरहरु, कर्मचारी लगायत सर्बसाधारणको पनि उपस्थिति रहेको  थियो ।

२०६८ फाल्गुण १६ गते मंगलबार

गभर्नरको कार्यालय